# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानिखोला, धादिङ
बागमती प्रदेश, नेपाल


प्रमुख प्रशासकीय अधिकृत

प.सं.२०७८/७९
च.नं.

## गत आ.व.मा स्थापना भएका साना व्यावसायीक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रमको लागी प्रस्ताव आब्हानको सूचना ।

दोस्रो पटक सूचना प्रकाशित मितिः२०७८/०९/१२ गते

यस धुनिवेशी नगरपालिका,खानिखोलाको आ.व.२०७८/७९ को ससर्त तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** अन्तर्गत गत आ.व.मा स्थापना भएका साना व्यावसायीक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रमको निरन्तरताको लागि तपशिलका उल्लेखित वाली बस्तुहरुमा ५०प्रतिशत लागत साझेदारीमा सञ्चालन गर्नुपर्ने भएकाले गत आ.व.मा छनौट भएका साथै कार्यक्रम सञ्चालनमा सहभगी भएका ईच्छुक कृषि सहकारी/कृषि समुह/कृषि फर्मले निम्न अनुसारका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन (मितिः२०७८/०९/१८ गते) भित्र यस धुनिवेशी नगरपालिकाको कृषि शाखामा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| क्र.स. | स्थानिय तह | तोकिएको बाली/बस्तु | कार्यक्रम संख्या | विनियोजित बजेट | अनुदानको अधिकतम सिमा |
|---|---|---|---|---|---|
| १ | धुनिवेशी नगरपालिका वडा नं.-४ | अदुवा | १ | ६ लाख | ५० प्रतिशत |
| २ | धुनिवेशी नगरपालिका वडा नं.-६ | तरकारी | १ | ६ लाख | ५० प्रतिशत |

आवश्यक कागजातहरुः

१.रु १० को टिकट टाँस गरेको अनुसुची अनुसारको प्रस्तावित कार्यक्रम,सम्बन्धित संस्थाको बैठकबाट पारीत भएको निर्णय सहितको निवेदन/प्रस्ताव ।

२.गत आ.व.मा सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति विवरण तोकिएको फर्मेट अनुसारको प्रमाणित प्रति ।

३.संस्थाको लेखा परिक्षण र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४.यस आ व २०७८/७९मा सञ्चालन हुने कार्यक्रमको विवरण र सदस्यको नामावली सहित बैठकको निर्णयको प्रतिलिपि ।

५.सम्बन्धित काम गर्ने अखितयारी प्राप्त व्यक्तिको नगरिकता प्रमाण पत्रको प्रतिलिपि र संस्थाको निर्णय

६. सम्बन्धित वडा कार्यालयको सिफारीस ।



फोन : ०१०-४०११९७, इमेलः- dhunibeshimun@gmail.com, info@dhunibeshimun.gov.np, www.dhunibeshimun.gov.np